नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ 

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ अंक १६७ २०७६ साल माघ १७ गते शुक्रबार (31 Jan. 2020 Friday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : जनप्रतिनिधि र कर्मचारीले सामुदायिक ... ३ पृष्ठमा : पाँचमध्ये एक शिशुले ... ३ पृष्ठमा : कोरोनाभाइरसको ...

# सामाजिक संजालबाट बैदेशिक रोजगारको नाममा यूवाहरु ठगिदै

# सप्तरीको सुरुङ्गा नपाका एउटै वडाका पाँच यूवा ठगिए




**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ ।**

सामाजिक संजालहरुबाट विदेशमा आकर्षक तलबका साथै जागिर लगाइदिने भन्दै विभिन्न प्रलोभन देखाएर ठगि गर्ने गिरोह अहिले निकै सक्रिय भएका छन् ।

एक दर्जन बढी युवाहरु बैदेशिक रोजगारका क्रममा ठगिएको भन्दै आइतबार जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी दिएको पाँच दिन नबित्दै पुनः सप्तरीका पाँच जना बेरोजगार यूवा ठगिमा परेका छन् ।

सामाजिक संजाल इमोमार्फत कम्बोडियामा आकर्षक तलबमा हलुका सवारीसाधनको चालकको जागिर लगाइदिने भन्दै सप्तरीको सुरुङ्गा नगरपालिका एउटै वडाका पाँच जना युवा ठगिमा परेका हुन् ।

यसरी ठगिमा परेकाहरु सुरुङ्गा नगरपालिका वडा नं. ५ का सुरुज राम, कमल राम, रबिन्द्र राम, रामानँद राम र नाम नखुलेका अन्य एक जनासहित ५ जना रहेका छन् । उनीहरुको ४ लाख ५० हजार रकम ठगिएको छ ।

घटना क्रमका अनुसार पाँचै जनालाई सामाजिक संजाल इमोबाट अर्जुन कार्की भन्ने व्यक्तिले पाँचै जनासँग कम्बोडियामा आकर्षित तलबका साथ चालकको जागिर लगाइदिने भनेर बारम्बार सम्पर्क गरेर सन्तुष्ट पारेका थिए । उनीहरुलाई सन्तुष्ट पारेपछि पाँचै जनासँग प्रक्रिया अगाडी बढाउन रकम माँग गरेका थिए । सो क्रममा अर्जुन कार्कीलाई पाँच मध्ये चार जनाले एक/एक लाख र एक जनाले ५० हजार रकम आइएमईमार्फत रकम पठाएका थिए ।

सो रकम मध्ये ५० हजार सिरहाको मिर्चैयास्थित एक आइएमईमार्फत विपिन बस्नेतको नाउँमा पठाइएको पीडित सुरुज रामले बताए । त्यस्तै बाँकी ४ लाख रकम काठमाडौंको चावाहिल र चुचेपाटीस्थित

*बाँकी तीन पृष्ठमा*

# फर्सैठमा पुस्तकालय स्थापना




**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ ।**

राजविराज वडा नं. ११ फर्सैठ टोलका जनताहरुको शैक्षिक उत्थानका लागि फर्सैठ युवा क्लवले पुस्तकालय स्थापना गरेको छ ।

सरस्वती पुजाको अवसर पारेर बिहिवार स्थानिय युवाहरूको पहलमा आधारभुत बिद्यालय फर्सैठमा पुस्तकाल स्थापना गरिएको हो । पुस्तकालय स्थापनाका लागि अमेरिकामा

*बाँकी तीन पृष्ठमा*

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

**थप जानकारीका लागि**

**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**

**फोन नं. : 031-522408/09**

# प्रेस स्वतन्त्रता सेनानी गुप्ताको निधन

राँझा, १६ माघ (रासस) ।

बाँकेका अग्रज पत्रकार तथा प्रेस स्वतन्त्रता सेनानी पन्नालाल गुप्ताको निधन भएको छ ।



बयानब्बे वर्षीय गुप्ताको बुधबारराति उपचारका क्रममा शिक्षण अस्पताल नेपालगञ्जमा निधन भएको हो ।

केही वर्षयता अस्वस्थ रहनुभएका सेनानी गुप्ताले बुधबार साँझ बान्ता गरेपछि अस्पताल लगिएको थियो । सेनानी गुप्ताका छोरा तथा पूर्वनगरप्रमुख विजयकुमार गुप्ताले उपचारका क्रममा उहाँको निधन भएको बताउनुभयो ।

नेपालगञ्जका पत्रकारितामा छुट्टै पहिचान बनाउनुभएका सेनानी गुप्ताले 'किरण साप्ताहिक'को सम्पादक रहेर लामो समय पत्रकारिता गर्नुभएको थियो । पत्रकारितामा गुप्ताको योगदानको कदर गर्दै नेपाल पत्रकार महासङ्घले एक दशकअघि

*बाँकी तीन पृष्ठमा*




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

iPay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### लाग्न थाल्यो लामखुट्टे नियन्त्रणको कदम चालियोस्

समयचक्रसँगै चिसो मौसम जाने क्रममा छ। तर, जसरी जसरी चिसो घट्दै छ त्यसरी नै लामखुट्टेको प्रकोप समेत बढ्न थालेको छ। यसले गर्मीको आगमन हुने संकेत देखापरेको छ। अहिले थोरै चिसो भएपनि लामखुट्टे लाग्ने क्रम समेत बिस्तारै बढ्दै गएको छ। अबको मौसम आँप र लिचिमा मंझर लाग्ने बेला हो । यस्तो बेलामा लामखुट्टेको र विभिन्न किरा समेत लाग्ने गर्दछ।

अबको केही दिनमा गर्मी बढेपछि लामखुटेको प्रकोप पनि बढ्दै जानेले समयअगावै यसप्रति सम्बन्धी निकायले चासो देखाउनु पर्ने हुन्छ। यता नगरभित्र रहेका अधिकांश नालाहरु दुर्गन्धित भएका कारणले पनि लामखुट्टेको प्रकोप बढ्दै गएको छ। यसप्रति पनि ती निकायले सरसफाईतर्फ ध्यान पुर्‍याउनु पर्नेहुन्छ।

तसर्थ लामखुट्टे नियन्त्रण गर्नका लागि सम्बन्धित निकायले सरसफाइप्रति ध्यानाकर्षित गर्नु पर्ने जरुरी रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# जनप्रतिनिधि र कर्मचारीले सामुदायिक विद्यालयमै छोराछोरी पढाउने

सर्लाही, १६ माघ (रासस)। सर्लाहीको बाग्मती नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा पढाउने शपथ खाएका छन्। नगरको नगरशिक्षा ऐन सार्वजनिक गर्ने एक कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा पढाउने शपथ खाएका हुन्।

स्थानीय स्वायत्त शासन सञ्चालन ऐनअनुसार स्थानीय तहलाई प्राप्त शिक्षासम्बन्धी अधिकार प्रयोग गरी नगर शिक्षा ऐन निर्माण गरिएको नगर प्रमुख भरतकुमार थापाले बताउनुभयो। तत्काल कार्यान्वयन शुरु गर्ने गरी निर्माण गरिएको शिक्षा ऐन सार्वजनिक गर्दै नगर प्रमुख थापाले नगरभित्रका सरकारी सेवा सुविधा उपभोग गरिरहेका जोसुकैले अनिवार्यरूपमा आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउनुपर्ने बताउनुभयो।

आफ्नो नगरपालिकामा काम गर्ने कर्मचारी वा आफ्नो नगरभित्रका कर्मचारी तथा जनप्रतिनिधिले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा नपढाउने गरेको पाइएमा राज्य र नगरबाट उपलब्ध गराइने सम्पूर्ण सेवासुविधा रोक्का गर्नुका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा उल्लेख भएअनुसारको कारवाहीसमेत गर्ने नगर प्रमुख थापाले बताउनुभयो।

शिक्षा ऐनमै आफ्नो नगरपालिकामा काम गर्ने कर्मचारी वा नगरभित्रका कर्मचारी तथा जनप्रतिनिधि र अभिभावकले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा नपढाउने अविभावकलाई समेत कुनै पनि व्यवस्थापन, अविभावक तथा उपभोक्ता समिति समेतमा बस्न नपाउने व्यवस्था लागू गरिएको उहाँले बताउनुभयो।

नगरपालिकाले सामुदायिक विद्यालयको विकास र शिक्षामा गुणात्मक सुधार ल्याउन चालेको कदम सराहनीय रहेको भन्दै कार्यक्रमका वक्ताहरूले राज्यबाट आएका सेवासुविधामाथि जनप्रतिनिधि तथा कर्मचारीले न्याल नकाटी सही तरिकाले सदुपयोग गर्नसके शिक्षाको गुणस्तरले राम्रो फड्को मार्ने बतउनुभयो। ऐन कानून लागू गर्नुभन्दा पनि कार्यान्वयनमा ल्याउनु चुनौतीपूर्ण रहेकाले सबै तह र तप्काबाट शिक्षा क्षेत्रमा सुधार ल्याउन निजी विद्यालयलाई निरुत्साहित बनाउँदै सबैले आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा भर्ना गराई अध्ययन गराउनुपर्ने कार्यक्रमका प्रमुख अतिथि तथा प्रदेश नं २ का प्रदेशसभा सदस्य डिल्लीप्रसाद उप्रेतीले बताउनुभयो।

सामुदायिक विद्यालयमा अध्यापन गराइरहेका शिक्षक शिक्षिकाले पनि आफूले प्रदान गरिरहेको शिक्षाप्रति विश्वसनीयता प्रदान गर्न सक्नुपर्नेमा सांसद उप्रेतीले जोड दिनुभयो। नगरपालिकामा स्थानीय निकायको निर्वाचन हुनुभन्दा पहिला नगरभित्र आधारभूत तथा मावि गरी २५ विद्यालय थिए भने करिब तीन हजार विद्यार्थी अध्ययनरत थिए। स्थानीय निकायको निर्वाचनबाट जनप्रतिनिधि आएपछि अहिले करिब आठ हजार विद्यार्थी अध्ययन गरिरहेको नगर शिक्षा शाखाले जनाएको छ।

# 'मानवअधिकारको अवस्था सन्तोषजनक देखिएन'

काठमाडौं, १६ माघ (रासस)। एम्नेस्टी इन्टरनेशनल नेपालले सन् २०१९ मा मानवअधिकारको अवस्था सन्तोषजनक नभएको प्रतिवेदन सार्वजनिक गरेको छ। एशिया प्रशान्त क्षेत्रमा सन् २०१९ मा मानवअधिकारको अवस्था विषयक प्रतिवेदनमा विस्तृत शान्ति सम्झौता भएको १३ वर्ष बितिसक्दा पनि दशक लामो सशस्त्र द्वन्द्वकालका पीडितलाई सत्य, न्याय र परिपूरण उपलब्ध गराउने प्रतिबद्धता निराशलाग्दो भएको उल्लेख छ।

द्वन्द्वकालमा सरकारी सुरक्षा निकाय र माओवादी सशस्त्र समूहबाट भएको मानवअधिकार उल्लङ्घन र ज्यादतीसम्बन्धी सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग उजुरीको गम्भीरतालाई ध्यानमा राखी नयाँ आयुक्त नियुक्त गर्न पनि सरकार विफल भएको प्रतिवेदनमा उल्लेख छ। तर अहिले दुवै आयोगमा पदाधिकारी नियुक्ति भइसकेका छन्।

सङ्क्रमणकालीन न्यायका लागि सर्वोच्च अदालतले दिएको आदेश, अन्तरराष्ट्रिय सन्धि-सम्झौताअनुसार बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन हुन नसकेको प्रतिवेदनमा छ। प्रतिवेदनमा हरेक वर्ष हजारौं नेपाली कामका लागि देश छाडी विदेश जाने गरेका तर ती आप्रवासी श्रमिकलाई शोषणपूर्ण भर्ना अभ्यासबाट संरक्षण प्रदान नगरिएको उल्लेख छ।

चार वर्ष अगाडि सरकारले सम्भावित रोजगारी मुलुकमा जानका लागि आवश्यक प्रवेशाज्ञा र टिकट खर्च आप्रवासी श्रमिकले व्यहोर्न नपर्ने सुनिश्चित गर्न एउटा नीति घोषणा गरेको थियो। तर अहिलेसम्म पनि यो नीतिलाई राम्रोसँग लागू गर्न नसक्दा श्रमिक चर्को शुल्क तिरेर विदेश जान बाध्य हुनुपरेको उक्त प्रतिवेदनमा उल्लेख छ।

सन् २०१९ मा नेपालमा विद्युतीय कारोवार ऐन २०६३ जस्ता कानूनलाई प्रयोग गरी पत्रकार र कलाकारलाई स्वेच्छाचारीरूपमा पक्राउ गर्न प्रयोग गरिएको र सरकारले अभिव्यक्ति स्वतन्त्रतामाथि थप बन्देज लगाउने खालका तीन नयाँ विधेयकमा मिडिया काउन्सिल विधेयक, आमसञ्चार विधेयक र सूचना प्रविधि विधेयक प्रस्ताव गरेको प्रतिवेदनमा भनिएको छ।

प्रतिवेदनमा सरकारले राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रतालाई कमजोर पार्ने खालको संशोधन विधेयक पनि प्रस्ताव गरेको र मन्त्रिपरिषद्ले नागरिक समाज सङ्घसंस्थाको गतिविधिमा बन्देज लगाई ती माथि कडा अनुगमन गर्ने प्रावधानसहितको कानूनको पनि प्रस्ताव गरेको एम्नेस्टी इन्टरनेशनल नेपालका निर्देशक नीराजन थपलियाले जानकारी दिनुभयो।

# कोरोना भाइरस : एकजना निगरानीमा

काठमाडौं, १६ माघ (रासस)। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नोभेल कोरोना भाइरस सङ्क्रमणको आशङ्कामा एक जनालाई मात्रै निगरानीमा राखेको जनाएको छ। शहीद शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुमा सम्पर्कमा आएका आठमध्ये अन्यलाई कुनै निगरानीको जरुरी नभएकाले घर पठाइएको र एक जनाको मात्रै परीक्षण थालिएको मन्त्रालयका प्रवक्ता महेन्द्रप्रसाद श्रेष्ठले जानकारी दिनुभयो। विशेषगरी भाइरस सङ्क्रमण भएको क्षेत्रबाट आएका मानिस र शङ्कास्पद लक्षण देखिएकालाई मात्रै निगरानीमा राख्ने गरिएको छ।

यसअघि चार जनामा गरिएको परीक्षणमा माघ ९ गते एक जनामा सङ्क्रमण भएको फेला परेको थियो। उनी पनि उपचारपछि निको भएर घर फर्किसकेका छन्। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भानुभक्त ढकालकै उपस्थितिमा हरेक दिन कोरोनाको अवस्थाबारे उच्चतहको बैठक बसेर छलफल थालिएको छ।

बुधबार साँझ बसेको उक्त बैठकले नेपालमा चीनको सङ्क्रमित क्षेत्र उवान प्रान्तबाट आएका एक व्यक्तिमा भाइरस देखिए पनि अहिलेसम्म कसैमा सङ्क्रमण नभएकाले डराउनुपर्ने अवस्था नरहेको निष्कर्ष निकालेको छ। जनमानसमा नकारात्मक सन्देश जानसक्ने भएकाले मन्त्रालयले हरेक दिन बैठक बस्ने र नियमित पत्रकार सम्मेलन गरी जानकारी दिन थालेको छ।

बैठकमा सङ्क्रमण फैलनसक्ने भएकाले सबै क्षेत्रमा उच्च निगरानी राख्न मातहतका कार्यालयलाई निर्देशनसमेत दिएको छ। आवश्यक तयारीमा कुनै कसर बाँकी नराख्न भनिएको श्रेष्ठले जानकारी दिनुभयो। यो नयाँ रोग भए पनि रुघाखोकीसँग मिल्दोजुल्दो रहेको चिकित्सकले बताएका छन्।

# मुसहरलाई कैद सजाय

सप्तरी, १६ माघ (रासस)। राँगा बाँध्ने किलोले प्रहार गरी दाजुको हत्या गरेको अभियोगमा सप्तरीको सप्तकोशी नगरपालिका- ३ का ४२ वर्षीय बलराम सदा मुसहरलाई कैद सजाय भएको छ।

सप्तरी जिल्ला अदालतका न्यायाधीश नन्दकिशोरप्रसाद यादवको इजलाशबाट अभियुक्तलाई १० वर्ष कैद सजायको फैसला भएको अदालतका श्रेस्तेदार दिलकुमार वर्देवाले बताउनुभयो। मादकपदार्थ खाएका अभियुक्तले ०७४ साउन २६ गते राति दाजुलाई घचेट्दै राँगा बाँध्ने किलोले प्रहार गरी घाइते बनाएकोमा भोलिपल्ट मृत्यु भएको भनी मृतककी श्रीमती रम्भाले उजुरी दिएकी थिइन्।

घाइते बल्कुको साउन २७ गते बिहान मनकामना पोलिक्लिनिक फत्तेपुर, सप्तरीमा उपचारका क्रममा मृत्यु भएको थियो। मृतककी श्रीमती ४५ वर्षीया रम्भा सदाले इलाका इलाका प्रहरी कार्यालय कञ्चनरुपमा ०७४ साउन २७ गते उजुरी दर्ता गराउनु भएपछि अभियुक्तलाई तत्कालै पक्राउ गरिएको थियो। उनी ०७४ भदौ २० गतेदेखि पूर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्।

# तत्काल सरकारमा जाने सम्भावना छैन : संयोजक यादव

काठमाडौं, १६ माघ (रासस)। राष्ट्रिय जनता पार्टी (राजपा) नेपालका अध्यक्ष मण्डलका संयोजक तथा सांसद महेन्द्रराय यादवले तत्काल आफ्नो सरकारमा जाने कुनै सम्भावना नरहेको प्रस्ट पार्नुभएको छ। रिपोटर्स क्लबद्वारा यहाँ बिहीबार आयोजित साक्षात्कारमा (राजपा) सरकारमा जाने चर्चा चरिरहेको सन्दर्भमा अध्यक्ष मण्डलका संयोजक यादवले सरकारमा जानेबारे पार्टीभित्र कुनै छलफल नभएको र तत्काल सरकारमा जाने सम्भावन नरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "सरकारमा सहभागी हुनेबारे हाम्रो पार्टीभित्र कुनै छलफल भएको छैन्। त्यसैले सरकारमा जाने सम्भावना छैन्।"

*बाँकी तीन पृष्ठमा*

# पाँचमध्ये एक शिशुले निमोनियाको खोप पाएनन् : २३ हजारलाई मृत्युबाट जोगाउने

काठमाडौं, १६ माघ (रासस)। आगामी एक दशकमा नेपालमा निमोनिया लगायत अन्य प्रमुख रोगका विरुद्ध लड्ने अभियानलाई बलियो बनाउँदा पाँच वर्षमुनिका २३ हजारभन्दा बढी बालबालिकालाई मृत्युबाट जोगाउन सकिने एक अध्ययन प्रतिवेदनले औंल्याएको छ।

स्पेनको बार्सिलोनामा बुधबारदेखि शुरु भएको 'बाल्यावस्थाको निमोनियाको विश्वव्यापी मञ्च (ग्लोबल फोरम अन चाइल्डहुड निमोनिया') पूर्वसन्ध्यामा सो आँकलन प्रतिवेदन सार्वजनिक गरिएको हो। विश्वमा पहिलोपटक सो मञ्चको बैठक भएको जनाइएको छ।

जनस्वास्थ्यका विविध क्षेत्रको अध्ययन अनुसन्धानमा विश्व प्रसिद्ध अमेरिकाको जन्स हप्किन्स विश्वविद्यालयद्वारा गरिएको सो अध्ययन प्रतिवेदनका अनुसार नेपालमा निमोनियाको उपचार र रोकथाम सेवाको विस्तारले मात्र पनि पाँच वर्षमुनिका करिब नौ हजार बालबालिकालाई अकालमा मृत्यु हुनबाट जोगाउन सकिने र यस्ता सेवाको विस्तारले सिर्जना गर्ने 'लहर प्रभाव' ले थप १४ हजारभन्दा धेरै बालबालिकाको अन्य रोगबाट हुने मृत्युलाई रोक्न सकिने औंल्याइएको छ।

ब्याक्टेरिया, भाइरस र फङ्गी पाँच वर्षमुनिका बालबालिकमा निमोनिया हुने प्रमुख कारकतत्व मानिन्छ। यसको सङ्क्रमणबाट बालबालिकाको फोक्सोमा पिप र पानी भरिँदा उनीहरूलाई सास फेर्न अप्ठ्यारो हुने गर्दछ। पाँच वर्षभन्दा कम उमेरका बालबालिकाको मृत्युको सबैभन्दा ठूलो कारण निमोनियालाई लिइन्छ। गत वर्ष मात्र संसारभर आठ लाख बालबालिकाको मृत्युको मुख्य कारक निमोनिया बनेको थियो।

संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)ले हरेक ३९ सेकेण्डमा एक बालबालिकाले निमोनियाका कारण मृत्युवरण गर्नुपर्ने जनाएको छ। नेपालका पाँच वर्षमुनिका बालबालिकाको मृत्युको प्रमुख कारण निमोनिया नै रहेको छ। पाँच वर्षमुनिका गत वर्ष मृत्यु भएका करिब १८ हजार बालबालिकामध्ये १३ प्रतिशतको मृत्यु निमोनियाका भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

केही किसिमका निमोनिया खोपले र कम खर्चका एन्टिबायोटिक्सले उपचार गर्न सकिने भए पनि प्रतिवेदनले नेपालका पाँचमध्ये एक शिशुले निमोनियाबाट जोगाउने खोप लगाउन नपाएका र निमोनियाका लक्षण देखिएका धेरै बालबालिकाले उचित उपचारसमेत नपाएको औंल्याएको छ।

निमोनियाबाट मृत्यु हुने बालबालिकाको सङ्ख्या विश्वका गरिब देशमा धेरै रहेका छन्। सीमान्तकृत बालबालिका सबैभन्दा धेरै प्रभावित हुने गरेका छन्। प्रतिवेदनले सन् २०२० देखि २०३० को दशकमा नेपालका पाँच वर्षभन्दा कम उमेरका १८ हजारभन्दा धेरै बालबालिकाको मृत्यु निमोनियाका कारण हुने अनुमान लगाएको छ। यसैगरी निमोनियाबाट अल्जेरियामा १४ लाख, भारतमा ८८ लाख, कङ्गोमा ३५ लाख र इथियोपियामा दुई लाख ८० हजार बालबालिकाको मृत्यु हुने अनुमान प्रतिवेदनमा रहेको छ।

प्रतिवेदनले स्वास्थ्य सेवा प्रवाह र पोषणको अवस्थामा सुधार, एन्टिबायोटिक्सको सहज उपलब्धता र पूर्ण खोप, स्तनपानको दरमा बृद्धिजस्ता पहलले निमोनियाबाट मृत्यु भइरहेका बालबालिकाको सङ्ख्या घटाउन सकिने दिएको छ। ती पहलले सेप्सिस, झाडापखाला र मेनिन्जाइटिसजस्ता रोगबाट मृत्यु हुनसक्ने हजारौं बालबालिकालाई पनि जोगाउन सकिने जनाएको छ।

"बालबालिकाको जीवन जोगाउने कुरामा हामी गम्भीर छौं भने निमोनियासँग लड्नका लागि पनि गम्भीर हुनुपर्छ। अहिलेको कोरोना भाइरसको महामारीले पनि समयमै पहिचान र रोकथामका लागि जोड दिएका छ। यसको अर्थ सही निदान र सही उपचारको सिफारिस हुनुपर्छ", युनिसेफका कार्यकारी निर्देशक हेनरिएटा एच फोरलले मञ्चको बैठकमा भन्नुभयो, "निमोनियाबाट हुने मृत्युको पछाडिका कारणजस्तै कुपोषण, खोप र एन्टिबायोटिक्सको अभावको सम्बोधन र वायु प्रदूषणजस्ता थप जटिल चुनौतीको सामना गर्नुपर्छ।"

माघ १७ गतेसम्म जारी रहने सो मञ्चको आयोजना आइएस ग्लोबल, सेभ द चिल्ड्रेन, युनिसेफ, एभ्रीब्रिद काउन्ट्स, लाकाइसा फाउन्डेसन, बिल एण्ड मेलिन्डा गेट्स फाउण्डेसन, युएसएड, युनाइटेड र गाभीजस्ता बालबालिकाका क्षेत्रमा काम गर्ने नौवटा सस्थाले संयुक्तरुपमा गरेका हुन्। साथै मञ्चबाट सेरुम इन्स्टिच्युट अफ इन्डियाले थप सुलभ पिसिभीखोपको घोषणा गर्ने र सहभागी देशले निमोनियाबाट हुने मृत्युलाई घटाउन थप राजनीतिक प्रतिबद्धता व्यक्त गर्ने यहाँस्थित युनिसेफ कार्यालयले जनाएको छ।

## तत्काल सरकारमा ...

प्रधानमन्त्रीसँग पनि सरकारमा जाने विषयमा कुनै छलफल भएको छैन्।" संयोजक यादवले तत्काल सरकारमा जाने सोच नभए पनि आफ्ना विगतका मुद्दा र मागलाई वर्तमान सरकारले सम्बोधन गरेको खण्डमा भने विचार गर्न सकिने प्रस्त्याउनुभयो। उहाँले यादवले राजपा नेपाल र समाजवादी पार्टीबीच एकताको प्रक्रिया अघि बढिरहेकोले छिट्टै एकता हुने विश्वास दिलाउनुभयो।

## सामाजिक संजालबाट ...

आइएमईबाट पुनः विपि बस्नेतकै नाउँमा पठाइएको उनले जानकारी दिए। यसरी ४ लाख ५० हजार रकम पठाइएपछि पाँचै जनाको नाममा कम्बोडियाका लागि भिसा समेत अर्जुन कार्कीले पठाएका थिए।

पाँचै जना सोही भिसा लिएर काठमाडौं पुगेपछि उनीहरुले अर्जुन कार्कीसँग सम्पर्क गर्ने इमो र अन्य सम्पर्क नम्बर बन्द भएपछि आफूहरु ठगिएको महसुस भएको पीडित सुरुजले बताए।

उनीहरु ठगिएपछि काठमाडौंबाट फर्किए लगत्तै बिहीबार राजविराजस्थित आप्रवासी श्रोत केन्द्रमा आएर घटनासम्बन्धी जानकारी दिएका छन्।

सप्तरी सामुदायिक विकास केन्द्र नेपाल सप्तरी र सामी परियोजनाद्वारा संचालित श्रोत केन्द्रमा उनीहरु आफ्नो गुनासो र ठगिएको बारे सम्पूर्ण जानकारी दिएपछि केन्द्रले भिसामा अर्कैको नाममा श्रम स्वीकृती भएको देखिएको र त्यसमा रहेको स्टिकर नम्बर समेत अर्कैको नाममा रहेको भन्दै उनीहरु ठगिएको पुष्टि भएको संस्थाका अध्यक्ष शम्भुनन्द चौधरीले जानकारी दिएका छन्।

शुक्रबार पुनः पीडितहरुलाई श्रोत केन्द्रमा बोलाइएको जानकारी दिँदै अध्यक्ष चौधरीले ठगि बारे जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरेर थप प्रक्रिया अगाडी बढाउने जानकारी दिए।

यसअघि सिरहाको लहान नगरपालिका १८ का मो. इरफान, मो. मुस्तुफा, मो. आलम, मो. अलाउद्दिन र अमिन मियाँले बैदेशिक रोजगारीका लागि विदेश पठाइदिने भन्दै नक्कली भिसा बनाएर लाखौं ठगी गरेको आरोपमा सप्तरीको डाक्नेश्वरी नगरपालिका २ औरही विषणपुर बस्ने मो. बसीर मियाँ र उनका छोरा सहजाद आलम विरुद्ध पीडितहरुले अप्रवासी श्रोत केन्द राजविराजको सहयोगमा जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका थिए।

बाबु छोराले कुवैतस्थित एक कम्पनीमा आकर्षक तलबमा जागिरका लागि पठाइदिने भन्दै प्रति व्यक्तिबाट १ लाख ३५ हजारका दरले लिएर नक्कली भिसा उपलब्ध गराएका थिए।

## प्रेस स्वतन्त्रता ...

सेनानीको उपाधि दिएको थियो। अग्रज पत्रकार तथा प्रेस स्वतन्त्रता सेनानी गुप्ताको निधनले बाँकेको पत्रकारिता क्षेत्रलाई अपूरणीय क्षति पुगेको नेपाल पत्रकार महासङ्घ बाँकेका अध्यक्ष ठाकुरसिंह थारुले बताउनुभयो।

उहाँको दाहसंस्कार शुक्रबार राप्ती नदीको चिदनिया घाटमा गरिने परिवारले जनाएको छ।

## फर्सैठमा पुस्तकालय ...

कार्यरत फर्सैठ निवासी हरिवंश यादवसहित चार जना युवाको सहयोगमा ४३ हजार नगदमा पुस्तकालयको शुरूवात गरिएको जनाइएको छ।

सो अवसरमा राजविराज नगरपालिका प्रमुख प्रशासकिय अधिकृत मदन बहादुर थापाले पुस्तकालयको उद्घाटन गर्दै पुस्तकालयवाट युवाहरूलाई कुलतबाट जोगाउन र पढ्ने बानीको विकासमा टेवा पुग्ने बिश्वास व्यक्त गरे। उनले स्थानिय युवाहरूलाई कुलतबाट जोगाउन पुस्तकालय उपयोगी हुने बताए।

यसैगरी विद्यालय निरिक्षक भोगेन्द्र यादवले किताबतर्फ आकर्सित भएमा युवाहरूलाई कुलतबाट रोक्न सकिने जिकिर गरे। गाउँका युवालाई कुलतबाट जोगाउन सभ्य नागरिक बनाउने उद्देश्यले यस क्षेत्रका युवालाई जागरूप बनाउने लक्ष्य रहेको बताए।

त्यस्तै राजबिराज नगरपालीका प्रमुख लेखा अधिकृत उमाशंकर यादवले फर्सैठको विकासमा टेवा पुग्ने बिश्वासले युवाहरूलाई पढाईतर्फ आकर्सित बनाउन पुस्तकालय स्थापना गरिएको बताए। पुस्तकालयलाई निरन्तरता थप ब्यबस्थित र मर्यादित बनाउन विद्यालय ब्यबस्थापन समिति तथा फर्सैठ युवा कल्वले थप जिम्मेवार हुनुपर्नेमा उनले जोड समेत दिए।

ब्यबस्थापन समितिका सदस्य लक्ष्मण यादबको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासँघ शाखा सप्तरी सहसचिव चन्दनकुमार यादव, लेखापाल जयराम यादब, कृषि संयोजक हरि नारायण यादब, तथ्यांक शाखाका रबिन्द्र कुमार साह, फर्सैठ युवा क्लवका वरिष्ठ उपाध्यक्ष देवनारायण यादब, स्वास्थ शाखाका शिव नारायण देव, समाजसेवी शिवनारायण यादब, विद्यालयका शिक्षक महेश साहलगायतले शुभकामना मन्तब्य ब्यक्त गरेका थिए।

कार्यक्रममा हरिवंशका बुवा शिव नारायण यादबले विद्यालयका प्रधानाध्यापक रामदेव यादबलाई पुस्तकालयको सामग्रीहरू हस्तान्तरण समेत गरे।

## विश्व समाचार

### कोरोना भाइरसको खोप बनाउन एक करोड ४४ लाख डलर अनुदान

हाङझाउ, १६ माघ (रासस/एएफपी)। अलिबाबा समूहका संस्थापक ज्याक माले खोलेको ज्याक मा फाउन्डेसनले कोरोना भाइरसको खोप निर्माणका लागि १ करोड ४४ लाख अमेरिकी डलर अनुदान दिने घोषणा गरेको छ।

यो रकम कोरोना भाइरसको खोपको अनुसन्धान र निर्माणमा खर्च गरिने फाउन्डेसनले जनाएको छ।

फाउन्डेसनका संस्थापक ज्याक मा ले खोप निर्माण गरी ठूलो संख्यामा बितरण गर्नु चुनौतीपूर्ण रहे पनि फाउन्डेसनले मानवीय सहयोग गर्न चाहेको बताउनुभयो। उहाँले आफ्नो फाउन्डेसनले भाइरसविरुद्ध लड्ने किसिमका खोपहरुको निर्माण र वितरणमा थप लगानी बढाउने पनि बताउनुभयो।

अलिबाबा समूहले कोरोना भाइरससँग जुधिरहेको चीन सरकारलाई चिकित्सा सेवामा सघाउन एक अर्ब चिनियाँ युयान उपलब्ध गराउने घोषणा गरिसकेको छ।

### जापानमा परित्यक्त खाद्यान्नबाट बिजुली

टोकियो, १६ माघ (रासस/एएनआई)। जापानमा परित्याग गरिएको खानालाई रिसाइकल गरी विद्युत उत्पादन गर्ने नयाँ प्रविधि प्रयोगमा ल्याइएको छ। जेएफई इन्जिनियरिङ कर्पोरेसनले नयाँ प्रविधिको अनुसन्धान र निर्माणका लागि हालै "जे बायो फूड रिसाइकल" कम्पनी खडा गरेको छ।

यस कम्पनीले अगस्ट २०१८ मा परित्या गरिएको खानाबाट बायोग्यास बनाउने परियोजना शुरु गरेको थियो। जेएफई इन्जिनियरिङका अध्यक्ष हाजिमे ओशिताले औद्योगिक र फालिएको खानाको प्रयोग गरी एकीकृत सेवा शुरु गरिएको जानकारी दिनुभयो। उहाँले कम्पनीले हाल फोहोर संकलन, फोहोर बिसर्जन, ऊर्जा उत्पादन र विद्युत बिक्रीको कार्य थालेको बताउनुभयो।

ओशिताले भन्नुभयो - यस्ता परियोजना जापानमा बिरलै देख्न पाइन्छ। यो परियोजनाले तीन वटा मुख्य पक्षलाई आत्मसात गरेको छ - वातावरण, ऊर्जा र रिसाइकल। सबै किसिमका स्रोतहरुको प्रभावकारी प्रयोग गर्न सकिन्छ भन्ने नमुना देखाउन हामीले चाहेका छौं, र यो सफल पनि भएको छ।

यस परियोजनामा हरेक दिन ८० टन फोहोर खाद्यान्नलाई सूक्ष्मजीवीय विधिद्वारा प्रशोधन गरिन्छ, र मिथेन ग्यासको प्रयोगबाट विद्युत उत्पादन हुन्छ।

खाद्यान्न कारखाना र अरु ट्रेन स्टेशनमा जम्मा हुने खाद्य फोहोरलाई संकलन गर्ने कार्यक्रम पनि सँगै सञ्चालन गरिएको छ। फोहोर उठाउँदा आउने शिशा, प्लास्टिक जस्ता नगल्ने फोहोरलाई छुट्याउने कार्य सम्पन्न भएपछि खाद्यान्नलाई कुहाउने प्रक्रिया शुरु हुन्छ, र अन्तमा बायो ग्यास तयार हुन्छ।

मिथेनसँगको मिश्रणपछिको बायोग्यासको सहयोगमा विद्युत् उत्पादन गरिन्छ। यो विद्युतलाई नवीकरणीय ऊर्जाको रुपमा बिक्री गरिन्छ। जे बायो फूड रिसाइकलका निर्देशक सातोरु उडागावाले कम्पनीसँग हाल ४ लाख घनमिटरका ठूल्ठूला ग्याँस भण्डारण ट्याँकहरु रहेको बताउनुभयो।

### लाओसमा खाद्य सुरक्षाका लागि युरोपेली युनियनको सहयोग

भिएन्टिन, १६ माघ (रासस/सिन्ह्वा)। युरोपेली युनियनसँग लाओसको खाद्य सुरक्षा कार्यक्रममा सघाउनेसम्बन्धी एक सम्झौतामा बुधबार हस्ताक्षर भएको लाओसको कृषि तथा वन मन्त्रालयले जनाएको छ।

उक्त सम्झौता बमोजिम तोकिएका वस्तु र प्रान्तका उच्च महत्वका कृषिजन्य सामग्रीको पहिचान गरिने उल्लेख छ। किसानले उत्पादन गरेका सामग्रीको बजार पहुँच स्थापना गर्न पनि यस परियोजनाले सघाउने छ। किसान र निर्यातकर्ताहरुबीचको सम्बन्ध विकास गर्न यस आयोजनाले मद्दत गर्नेछ।

परियोजनाले बोटबिरुवाको स्वास्थ्य र बिषादीको प्रयोगलाई नियन्त्रण गर्न नियामक संरचना निर्माणमा कानुनी र प्राविधिक पक्षमा सघाउने छ। बनस्पती र खाद्य उत्पादनमा विषादीको प्रयोगका सन्दर्भमा उचित मापदण्ड अपनाएको अवस्थामा मात्र त्यस्ता वस्तुलाई युरोपेली बजारमा पहुँच हुने भएकाले पनि यो सम्झौताको कार्यान्वयन लाओसको अर्थतन्त्र सुधारका लागि महत्वपूर्ण मानिएको छ।

यस सम्झौता लगत्तै विभिन्न चरणमा कार्यक्रमहरु आयोजना गरिने मन्त्रालयले स्पष्ट गरेको छ। उत्तरी लाओसको लुआङ नाम्थाका किसानका लागि खर्बुजा खेतीमा प्राविधिक सहयोग उपलब्ध हुनेछ। मध्य लाओसको भिएनटिन क्षेत्रका किसानलाई धान उत्पादनमा मद्दत गरिने छ भने लाओसका कृषिसँग सम्बन्धित विभिन्न नियामक निकायहरुको प्राविधिक क्षमता विकासमा सहयोग शुरु हुनेछ।

# दुई हजार तीन सय न्यानो ब्लयाङकेट बितरण



**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ ।**

स्वीजरल्यान्ड सरकारको मानविय सहयोग, सामी हेल्भेटास सहकार्य र सप्तरी सामुदायिक विकास केन्द्र नेपालको चिसोबाट जोगिन सिरहा र सप्तरीमा दुई हजार तीन सय न्यानो ब्लायङकेट बितरण गरेको छ ।

बिहीबार राजविराज नगरपालिका वडा नं. ९ स्थित मलेठका एक सय अतिविपन्न, दलित, गरिब बृद्धबृद्धाहरुलाई सो न्यानो ब्लायङकेट बितरण गरिएको हो ।

वडा नं. ९ का अध्यक्ष शम्भु प्रसाद यादवको अध्यक्षतमा आयोजित कार्यक्रममा सप्तरी सामुदायिक विकास केन्द्र सप्तरीका अध्यक्ष शम्भुनन्द चौधरी, श्रोत केन्द्रका कार्यक्रम संयोजक राजेन्द्र यादव, पत्रकार अमरनाथ मण्डल, धिरेन्द्र प्रसाद साह, नवीनकुमार गुप्ता लगायत वडाका सदस्यहरुको सहभागितामा ब्लायङकेट बितरण गरियो ।

यसअघि सप्तरीको राजगढ, कंचनरुपलगायत अन्य स्थानिय तहमा गरि एक हजार ३ सय तथा सिरहाको विभिन्न स्थानियहहरुमा एक हजार ५ सय ब्लयाङकेट बितरण गरिएको संस्थाका अध्यक्ष चौधरीले जानकारी दिए ।

# जेसीजद्वारा सरस्वती पूजा र सहिद दिवस मनाएर कार्य आरम्भ

**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ ।**

राजविराज जेसीज २०२० ले 'श्रीपञ्चमी' पर्व र बिहीबार नै परेको सहिद दिवसको दिन पारेर आफ्नो कार्यकालको कार्य आरम्भ गरेको छ ।

राजविराज जेसीजले साँझ सहिद दशन चोकमा सहिदको सम्झनामा दिप प्रज्वलन गरी सहिदहरुप्रति श्रद्धाञ्जली व्यक्त गरेको छ ।

यसअघि जेसीजका अध्यक्ष नानीमैया कटवालको नेतृत्वमा रुपनी गाउँपालिका २ स्थित जेसीज बिद्यालय पौवा पुगेको राजविराज जेसीजको टोलीले विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा-आराधना गर्नुका साथै प्रधानाध्यापक, शिक्षक र विद्यालय व्यवस्थापन समितिसँग अन्तरक्रिया कार्यक्रम गरेको छ ।



विद्यालयमा अध्ययनरत बाल विकासका ५६ विद्यार्थीहरूको मनोबल बढाउने उद्देश्यले नयाँ योजना बनाउन अन्तरक्रिया केन्द्रीत रहेको कार्यकारिणी उपाध्यक्ष विप्लव आनन्दले बताए ।

अन्तरक्रिया कार्यक्रममा प्रधानाध्यापक राजकुमार सुनरैतसहित शिक्षक र स्थानीयवासी, राजविराज जेसीजका अध्यक्ष, कार्यकारिणी उपाध्यक्ष, कानुनी सल्लाहकार, महासचिव, कोषाध्यक्ष, उपाध्यक्षहरु, मनोनित पदाधिकारीहरु, साधारण सदस्यहरुको उल्लेख्य सहभागिता रहेको थियो । प्रभावकारी ढङ्गले विद्यालयको समुचित व्यवस्थापनका विषयमा समेत जेसीज पदाधिकारीहरु र विद्यालयका शिक्षक-महिला शिक्षकबीच छलफल भएको थियो ।

# सरस्वतीको पूजाराधना गरी मनाइयो



सरस्वती पुजाको अवसरमा बिहीबार राजविराजस्थित शिब्स बोर्डिङ स्कुलका बिद्यार्थीहरूले प्रदर्शनका लागि तयार पारेका विभिन्न सामग्रीहरू । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ ।**

प्रत्येक वर्ष माघ शुक्लपञ्चमीका दिन मनाइने श्रीपञ्चमी विद्याकी अधिष्ठात्रीदेवी सरस्वतीको पूजाराधना गरी बिहीबार मनाइएको छ ।


वसन्त पञ्चमीका दिन सरस्वतीको पूजा गरे विद्या बुद्धि बढ्ने विश्वास छ । विद्यालय नपठाइएका साना बालबालिकालाई यसै दिनदेखि अक्षरारम्भ गराउने चलन छ । यस दिन लेखपढ गर्न सिकाए राम्रो विद्या आउने जनविश्वास छ ।

ज्ञान, बुद्धि र विवेक प्राप्तिका लागि विद्याकी अधिष्ठात्री देवीका रुपमा सरस्वतीको पूजाआजा गरिन्छ । हिन्दूको धार्मिकग्रन्थ पुराणमा उल्लेख गरिएनुसार, माघ शुक्ल पञ्चमी तिथिका दिन ब्रह्माले सृष्टिमा देवी सरस्वतीलाई आह्वान गरेपछि सरस्वती अवतरित हुनुभएको विश्वास गरिन्छ ।

यसका दिन विद्यार्थी, कर्मचारीका साथै कलमजीवीले यस पर्वलाई उत्सवको रुपमा मनाउने गर्छन् । शिशुको अन्नप्रासनसमेत विधिपूर्वक गराइन्छ । यसका दिनमा विवाह, नयाँ भवनमा बासलगायतका शुभकार्यका लागि साइत हेर्नु नपर्ने मान्यता रहेको छ ।


यता विभिन्न विद्यालयका विद्यार्थी बिहानै स्नान गरी आ-आफ्ना पुस्तक, कापी र कलम माता सरस्वतीको तस्वीर नजिक राखेर पूजापाठ गरेका छन् । सरस्वतीको पूजाको लागि प्रसादमा बयर, केरा, सुन्तला र बेसनले बनाइएका बुनियाका साथै विभिन्न प्रकार फलफूल र मिठाई पनि चढाउने गरिन्छ ।










**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*